# प्रदेश राजपत्र

कर्णाली प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ७) वीरेन्द्रनगर, सुर्खेत, चैत ३१ गते, २०८१ साल (अतिरिक्ताङ्क २७

## भाग-१

## कर्णाली प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालयको

## <u>सूचना</u>

नेपालको संविधान बमोजिम कर्णाली प्रदेश सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

सम्वत् २०८१ सालको ऐन नं.९

### <u>कर्णाली प्रदेश बीउ बिजन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन</u>

**<u>प्रस्तावना:</u>** विभिन्न बालीको उत्पादनमा बृद्धि गराउन उच्च गुणस्तरको बीउ बिजन उत्पादन, प्रशोधन तथा परीक्षण गरी गुणस्तरयुक्त बीउ बिजन सुव्यवस्थित रूपले उपलब्ध गराई आम नागरिकको सुविधा तथा आर्थिक हित कायम राख्न वाञ्छनीय भएकोले,

कर्णाली प्रदेश सभाले यो ऐन बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "कर्णाली प्रदेश बीउ बिजन ऐन, २०८१" रहेको छ।

(२) यो ऐन तुरून्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा;

(क) "अनुसन्धान गर्ने निकाय" भन्नाले नेपाल कृषि अनुसन्धान परिषद् वा मन्त्रालय मातहतको फार्म केन्द्र वा अनुसन्धानमा संलग्न विश्वविद्यालय वा जातीय विकास तथा सम्वर्द्धनको अनुमति प्राप्त निजी स्तरका निकाय वा संस्था सम्झनु पर्छ।

(ख) "कार्यालय" भन्नाले मन्त्रालय मातहतका जिल्लास्थित कृषि हेर्ने कार्यालय सम्झनु पर्छ।

(ग) "किसिम" भन्नाले एकै नामद्वारा चिनिएका वा चिनिन सक्ने कुनै वनस्पतिको सबै जातमूल (स्पेसिज्) तथा उपजातमूल (सबस्पेसिज्) सम्झनु पर्छ।

(घ) "जात (भेराइटी)" भन्नाले वनस्पति शास्त्रीय वर्गीकरणमा सबैभन्दा तल्लो श्रेणी भित्र पर्ने समान आनुवंशिक लक्षणहरू देखिने, अन्य समूहसँग कम्तीमा एउटा लक्षणद्वारा भिन्नता छुट्टिने र पुनरूत्पादन (प्रोपागेसन) हुँदा लक्षणहरू परिवर्तन नहुने लक्षण भएका कुनै वनस्पतिको समूह सम्झनु पर्छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

(ङ) "तोकिएबमोजिम" भन्नाले यस ऐनअन्तर्गत बनेको नियमावली वा निर्देशिका वा कार्यविधिमा तोकिएबमोजिम सम्झनु पर्छ।

(च) "प्रजनक (ब्रीडर)" भन्नाले बालीको कुनै जातलाई पहिलो पटक प्रजनन वा छनौट गरी प्रयोगमा ल्याउने व्यक्ति, संस्था वा निकाय सम्झनु पर्छ।

(छ) "बाली" भन्नाले फलफूल, खाद्यान्न, दलहन, तेलहन, तरकारी, कन्दमूल, च्याउ, नगदेबाली, मसलाबाली, घाँसेबाली सम्झनु पर्छ र सो शब्दले फूल फुल्ने वा नफुल्ने आलङ्कारिक बालीलाई समेत जनाउँछ।

(ज) "बीउ बिजन" भन्नाले भ्रौण बिरूवा (इम्ब्रोयनिक प्लान्ट), खाद्य पदार्थ र सुरक्षात्मक आवरण भएको परिपक्व बिजाण्ड (म्याचोर्ड ओभ्यूल) वा यौनिक वा वानस्पतिक तरिकाले पुनरोत्पादन (रिप्रोडक्सन) गरी बाली उत्पादन गर्नका लागि छर्ने वा रोप्ने काममा प्रयोग गर्न सकिने उत्पादन सामग्री समेतलाई जनाउँछ।

(झ) "बीउ प्रमाणीकरण पद्धति" भन्नाले बीउ रोपेदेखि बीउ बिजन बिक्री वितरण गर्नु पूर्वका सम्पूर्ण क्रियाकलापमा बीउ प्रमाणीकरण निकायको प्रत्यक्ष संलग्नता, नियन्त्रण र रेखदेख गर्ने गुणस्तर नियन्त्रण व्यवस्था सम्झनु पर्छ।

(ञ) "भाँडो (कन्टेनर)" भन्नाले बीउ बिजन राख्न प्रयोग गरिने बाकस, टिनको बट्टा, शिशी, थैली,



आन्तरिक मामिला तथा कानून मन्त्रालय

बोरा, भकारी, व्यारेल वा अन्य यस्तै बीउ बिजन राख्न प्रयोग गरिने सामग्रीलाई सम्झनु पर्छ।

(ट) "मन्त्रालय" भन्नाले कर्णाली प्रदेश सरकारको कृषिसम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(ठ) "यथार्थ संकेतपत्र पद्धति" भन्नाले बीउ रोपेदेखि बीउ बिजन बिक्री वितरण गर्नु पूर्वका सम्पूर्ण क्रियाकलापमा बीउ उत्पादक स्वयंमको प्रत्यक्ष संलग्नता, नियन्त्रण र रेखदेख गर्ने गुणस्तर नियन्त्रण व्यवस्था सम्झनु पर्छ।

(ड) "रैथाने बालीका जात" भन्नाले कुनै निश्चित भूगोलमा उत्पति भई वा कुनै न कुनै गुण विकास भई परापूर्वकालदेखि परम्परागत ज्ञान र सीपको प्रयोग गरी सोही भूगोलमा खेती हुँदै आएका बालीका जात सम्झनु पर्छ।

(ढ) "सङ्केतपत्र" भन्नाले भाँडोमा देखिने गरी राखिएको वा लेखिएको बीउ बिजनसम्बन्धी विवरण (लेबल) सम्झनु पर्छ।

(ण) "समिति" भन्नाले दफा ३ बमोजिम गठित प्रदेश बीउ बिजन समिति सम्झनु पर्छ।

(त) "सामुदायिक बीउ बिजन बैङ्क" भन्नाले रैथाने तथा स्थानीय बालीको यथास्थान संरक्षण, उपयोग तथा प्रवर्धन गर्ने उद्देश्यले कृषक समूह, सहकारी वा समुदायले सामुहिक रूपमा व्यवस्थापन गरी राखेको संस्था सम्झनु पर्छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

(थ) "सूचित वा पञ्जीकृत बीउ बिजन" भन्नाले दफा १२ बमोजिम तोकिएको बीउ बिजन सम्झनु पर्छ र सो शब्दले बीउ बिजन ऐन, २०४५ बमोजिम सूचित वा पञ्जीकृत भएको बीउ बिजनलाई समेत जनाउँछ।

(द) "संघीय ऐन" भन्नाले बीउ बिजन ऐन, २०४५ लाई सम्झनु पर्छ।

(ध) "संस्था" भन्नाले बीउ बिजनसम्बन्धी कार्य गर्न प्रचलित कानूनबमोजिम स्थापना भएको संस्था सम्झनु पर्छ र सो शब्दले कृषिसम्बन्धी समूह, सहकारी, निजी संघ संस्था समेतलाई जनाउँछ।

(न) "स्थानीय बालीका जात" भन्नाले कम्तीमा पचास वर्षभन्दा पहिलेदेखि खेती भइरहेका बालीका जात सम्झनु पर्छ।

## परिच्छेद-२

## संस्थागत व्यवस्था

**३. <u>प्रदेश बीउ बिजन समितिको गठनः</u>** (१) बीउ बिजनसम्बन्धी नीति निर्धारण गरी कार्यान्वयन गर्न र बीउ बिजनसम्बन्धी विषयमा प्रदेश सरकारलाई आवश्यक परामर्श दिन देहायबमोजिमको एक प्रदेश बीउ बिजन समिति रहनेछः-

(क) सचिव, मन्त्रालय - अध्यक्ष

(ख) निर्देशक, कृषि विकास निर्देशनालय, कर्णाली प्रदेश - सदस्य

(ग) निर्देशक, कृषि अनुसन्धान निर्देशनालय, कर्णाली प्रदेश - सदस्य

(घ) बीज विशेषज्ञ (कम्तीमा सह–प्राध्यापक), कृषि तथा पशु विज्ञान विषयमा अध्ययन अध्यापन गराउने विश्वविद्यालयबाट मन्त्रालयले तोकेको एक जना - सदस्य

(ङ) प्रदेश बीउ व्यवसायी संघको अध्यक्ष र बीउ बिजन उद्यमीमध्ये मन्त्रालयद्वारा मनोनित एक जना महिला सहित दुई जना - सदस्य

(च) बीउ बिजन उत्पादक कृषक र बीउ बिजन उत्पादन गर्ने कम्पनी, सहकारी संस्था वा रैथाने तथा प्राङ्गारिक कृषक समूहमध्ये मन्त्रालयद्वारा मनोनित कम्तीमा एक जना महिला सहित दुई जना - सदस्य

(छ) प्रमुख, बीउ बिजन परीक्षण तथा गुणस्तर नियमन केन्द्र - सदस्य सचिव

(२) उपदफा (१) को खण्ड (ङ) र (च) बमोजिम मनोनित सदस्यहरूको पदावधि दुई वर्षको हुनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) को खण्ड (ङ) र (च) बमोजिम मनोनित सदस्यलाई निजको पदावधि पूरा नहुँदै प्रदेश सरकारले हटाउन सक्नेछ।

तर यसरी हटाउनु अघि त्यस्तो सदस्यलाई सुनुवाईको मौका दिनु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

(४) समितिले आवश्यकता अनुसार कुनै विषय विज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(५) बीउ बिजन परीक्षण तथा गुणस्तर नियमन केन्द्रले समितिको सचिवालयको रूपमा कार्य गर्नेछ ।

४. **<u>समितिको बैठक र निर्णयसम्बन्धी व्यवस्थाः</u>** (१) समितिको बैठक वर्षमा कम्तीमा तीन पटक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(२) समितिको कूल सदस्य संख्याको एकाउन्न प्रतिशत सदस्यहरू उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(३) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा बैठकमा उपस्थित सदस्यहरू मध्ये वरिष्ठतम अधिकृतले बैठकको अध्यक्षता गर्नेछ।

(४) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णयात्मक मत दिनेछ।

(५) समितिको निर्णय सदस्य-सचिवद्वारा प्रमाणित गरिनेछ।

(६) समितिको बैठकसम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

५. **<u>समितिको काम, कर्तव्य र अधिकार</u>** : दफा ३ को उपदफा (१) बमोजिम गठन भएको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ :-

(क) बीउ बिजनसम्बन्धी नीति तर्जुमा गर्न प्रदेश सरकारलाई परामर्श दिने,

(ख) बीउ बिजन उत्पादन, प्रशोधन, प्याकेजिङ्ग, भण्डारण तथा वितरण कार्यमा सरकारी तथा नीजि क्षेत्रबीच समन्वय गरी बीउ विजनको गुणस्तर नियन्त्रण तथा मापदण्ड निर्धारणमा एकरूपता कायम गर्ने,



आन्तरिक मामिला तथा कानून मन्त्रालय

(ग) बीउ बिजन उद्योगमा लगानी गर्न निजी क्षेत्रलाई प्रोत्साहन गर्ने गराउने,

(घ) प्रदेश भित्र बिक्री वितरण हुने बीउ बिजनको गुणस्तर नियमन तथा नियन्त्रण गर्ने गराउने,

(ङ) बालीको किसिम, जात सूचित वा पञ्जीकृत गर्ने तथा सूचिबाट हटाउने सम्बन्धमा प्रदेश सरकारलाई सिफारिस गर्ने,

(च) बीउ बिजनको उत्पादन, भण्डारण, प्रशोधन तथा गुणस्तर परीक्षणसम्बन्धी आवश्यक नीति तथा कार्यक्रम बनाउने,

(छ) स्थानीय बीउ बिजन व्यवस्थापन समितिले बीउ बिजन सम्बन्धमा परामर्श माग गरेमा आवश्यक परामर्श दिने,

(ज) रैथाने वा स्थानीय बाली, जातका बीउ बिजनको पहिचान गरी तिनको संरक्षण, सम्बर्द्धन र प्रवर्द्धन गर्नका लागि आवश्यक प्राविधिक तथा नीतिगत कार्य गर्ने गराउने,

(झ) प्रदेशस्तरमा सामुदायिक बीउ बैङ्क स्थापनाको लागि आवश्यक प्राविधिक र नीतिगत काम गर्ने,

(ञ) बीउ बिजनसम्बन्धी अन्य आवश्यक काम कारवाही गर्ने,

(ट) प्रदेश सरकारलाई यस ऐनसम्बन्धी सेवा शुल्क तथा दस्तुरको दर र दायरा सिफारिस गर्ने।

६. **प्राविधिक उप-समितिको गठनः** (१) समितिलाई बीउ बिजनसम्बन्धी आवश्यक प्राविधिक सहयोग तथा परामर्श दिन समितिले देहाय बमोजिमको एक प्राविधिक उप-समितिको गठन गर्न सक्नेछः-

(क) प्रमुख, बीउ बिजन परीक्षण तथा

गुणस्तर नियमन केन्द्र -संयोजक

(ख) वरिष्ठ कृषि अधिकृत (नवौं वा दशौं तह), मन्त्रालय -सदस्य

(ग) वरिष्ठ कृषि अधिकृत (नवौं वा दशौं तह), प्रदेश कृषि विकास निर्देशनालय -सदस्य

(घ) वैज्ञानिक (ब्रिडर वा एग्रोनोमीस्ट), प्रदेश कृषि अनुसन्धान निर्देशनालय -सदस्य

(ङ) प्रमुख वा प्रतिनिधि, बीउ व्यवसायी संघ,कर्णाली प्रदेश -सदस्य

(च) कृषि विज्ञान विषयमा अध्यापन गराउने विश्वविद्यालयमध्येबाट मन्त्रालयले तोकेको विश्वविद्यालयको कम्तीमा सहप्राध्यापकस्तरको बीज विशेषज्ञ (बाली विज्ञान) एकजना -सदस्य

(छ) प्रमुख, बीउ बिजन शाखा वा बीउ बिजन परीक्षण प्रयोगशाला -सदस्य-सचिव

(२) उपदफा (१) बमोजिमको प्राविधिक उप-समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) बालीका जातहरूको अध्ययन परीक्षणका लागि आवश्यक प्रोटोकल तथा मापदण्ड तयार गरी स्वीकृतिका लागि समिति समक्ष पेश गर्ने,

(ख) दफा १२ बमोजिम जात सूचित वा पञ्जीकृत गर्न समितिमा पेश गर्ने,

(ग) आवश्यक नभएका बालीका जातहरू सूचीबाट हटाउन समिति समक्ष सिफारिस गर्ने,

(घ) समितिको निर्णयानुसार बीउ बिजन बिक्री वितरण अनुमति पत्रका लागि आवश्यक तालिम

सञ्चालनका लागि पाठ्यक्रम तयार गरी समितिमा पेश गर्ने,

(ङ) बीउ बिजनका जातको अनुमोदन, उन्मोचन र दर्ताको लागि समिति समक्ष पेश गर्ने,

(च) कर्णाली प्रदेशभित्र उत्पादन भइरहेका रैथाने एवम् स्थानीय जातको बालीको बीउ बिजनको अभिलेख राख्न तथा जात दर्ता गर्नको लागि समिति समक्ष सिफारिस गर्ने,

(छ) निजी क्षेत्रलाई बीउ बिजनको अनुमोदन, उन्मोचन र दर्ताको लागि समिति समक्ष सिफारिस गर्ने,

(ज) उन्मोचित बीउ बिजनको कुनै जात दर्ताबाट हटाउन आवश्यक देखिएमा समिति समक्ष सिफारिस गर्ने,

(झ) बीउ बिजनको आपूर्ति सूचारू रूपले गर्ने व्यवस्था मिलाउन र स्वीकृत नीति अनुरूप बीउ बिजनको मूल्य तोक्न आवश्यक कार्य गरी स्वीकृतिको लागि समिति समक्ष पेश गर्ने,

(ञ) बीउ बिजनको प्रमाणिकरणको लागि गुणस्तरको न्यूनतम मापदण्ड निर्धारण गरी स्वीकृतिको लागि समिति समक्ष पेश गर्ने,

(ट) बीउ बिजन उत्पादन तथा बिक्री वितरणका साथै गुणस्तर निर्धारण, अनुमोदन तथा प्रमाणिकरणसम्बन्धी कार्य गर्ने।

७. <u>बीउ बिजन परीक्षण तथा गुणस्तर नियमन केन्द्र</u> : (१) प्रदेशमा बीउ बिजनको परीक्षण र गुणस्तर नियमनसम्बन्धी कार्य गर्न र समितिको सचिवालयको रूपमा काम गर्न प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी बीउ बिजन परीक्षण तथा गुणस्तर नियमन केन्द्रको स्थापना गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम बीउ बिजन परीक्षण तथा गुणस्तर नियमन केन्द्र स्थापना नभएसम्म सोसम्बन्धी कार्य गर्न प्रदेश सरकारले मन्त्रालय मातहतको कुनै निकायलाई तोक्न सक्नेछ।

८. <u>बीउ बिजन परीक्षण तथा गुणस्तर नियमन केन्द्रको काम, कर्तव्य र अधिकार</u> : (१) दफा ७ बमोजिम स्थापना भएको केन्द्र वा सोसम्बन्धी कार्य गर्न तोकिएको निकायको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रदेश भित्र बीउ बिजनको गुणस्तर नियमन तथा प्रमाणिकरणसम्बन्धी आवश्यक पूर्वाधारहरू तयार गरी प्रदेश समितिमा पेश गर्ने,

(ख) समितिद्वारा स्वीकृत तरिका, स्तर र मापदण्ड अनुसार बीउ बिजनको प्रमाणिकरण तथा सुपरिवेक्षण गर्ने,

(ग) बीउ बिजनको गुणस्तरसम्बन्धी विवाद समाधानका लागि समिति समक्ष पेश गर्ने,

(घ) अनुमति पत्र प्राप्त व्यक्ति वा संस्थाले शर्त बमोजिम काम गरे नगरेको यकीन गरी समितिमा प्रतिवेदन पेश गर्ने।

(२) बीउ बिजन परीक्षण तथा गुणस्तर नियमन केन्द्र वा सोसम्बन्धी कार्य गर्न तोकिएको निकायको अन्य काम, कर्तव्य र अधिकार तथा त्यस्तो केन्द्र वा तोकिएको निकायले बीउ बिजन

आन्तरिक मामिला तथा कानून मन्त्रालय

गुणस्तर नियमन र प्रमाणिकरण गर्दा अपनाउनुपर्ने कार्यविधि तोकिएबमोजिम हुनेछ ।

९. **<u>बीउ बिजन परीक्षण प्रयोगशालाको स्थापनाः</u>** (१) बीउ बिजनको परीक्षण र त्यससम्बन्धी अन्य कार्य गर्नको लागि प्रदेश सरकारले राजपत्रमा सूचना प्रकाशन गरी आवश्यकता अनुसार बीउ बिजन परीक्षण प्रयोगशालाको स्थापना गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम बीउ बिजन परीक्षण प्रयोगशाला स्थापना नभएसम्म सोसम्बन्धी कार्य गर्न प्रदेश सरकारले मन्त्रालय मातहतको कुनै निकायलाई तोक्न सक्नेछ ।

(३) बीउ बिजन परीक्षण प्रयोगशाला वा सोसम्बन्धी कार्य गर्न तोकिएको निकायको काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ।

१०. **<u>निजी क्षेत्रमा प्रयोगशालाको स्थापनाः</u>** (१) कुनै व्यक्ति वा संघ संस्थाले निजी क्षेत्रमा बीउ बिजन परीक्षण प्रयोगशालाको स्थापना र सञ्चालन गर्न चाहेमा अनुमतिका लागि तोकिएबमोजिमको दस्तुर सहित तोकिएबमोजिमको ढाँचामा समिति समक्ष निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन उपर छलफल गरी उपयुक्त देखिएमा तोकिएबमोजिमका शर्तको अधीनमा रही समितिले प्रयोगशाला स्थापना र सञ्चालन गर्न अनुमति पत्र दिनेछ।

(३) उपदफा (२) बमोजिम स्थापना भएका प्रयोगशालाहरूले प्रत्येक वर्ष राष्ट्रिय बीउ बिजन समितिबाट प्राविधिक परीक्षण (टेक्निकल अडिट) गराई अनुमति पत्र नविकरण गराउनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम प्रत्येक वर्ष अनुमति पत्र नविकरण नगराएमा वा प्राविधिक परीक्षणबाट तोकिएको मापदण्ड पूरा भएको नपाइएमा त्यस्तो प्रयोगशालाको अनुमति पत्र स्वतः खारेज हुनेछ।

(५) प्रचलित संघीय कानूनबमोजिम अनुमति लिई प्रदेशभित्र सञ्चालन भएका निजी क्षेत्रका प्रयोगशालाले यो ऐन प्रारम्भ भएपश्चात् पुनः अनुमति पत्र लिनुपर्ने छैन। तर, यो ऐन प्रारम्भ भएपछि यस्ता प्रयोगशाला स्थापना तथा सञ्चालनको अनुमति पत्रसम्बन्धी अभिलेखीकरण, नवीकरण र खारेजीको व्यवस्था यसै ऐनबमोजिम हुनेछ ।

(६) निजी क्षेत्रमा स्थापित बीउ बिजन परीक्षण प्रयोगशालाको काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ।

**११. <u>सामुदायिक बीउ बिजन बैङ्कः</u>** (१) स्थानीय तथा रैथाने बालीको संरक्षण एवम् सम्बर्द्धन गर्दै कृषक अधिकार र खाद्य सम्प्रभुताको हक सुनिश्चितता गर्न कृषक समूह, सहकारी तथा समुदायले सामुदायिक बीउ बिजन बैङ्क स्थापना गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम स्थापना हुने सामुदायिक बीउ बिजन बैङ्क कार्यालयमा दर्ता गर्नुपर्नेछ।

(३) सामुदायिक बीउ बैङ्कको आफूले संरक्षण गरेका स्थानीय तथा रैथाने बालीका जातहरूको प्रवर्द्धन, विकास र व्यावसायिक उपयोग गर्नका लागि निजी क्षेत्रलाई सहमति दिन सक्नेछ।

(४) सामुदायिक बीउ बिजन बैङ्कको स्थापना, दर्ता तथा सञ्चालनसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

## परिच्छेद-३

## <u>बीउ बिजनको नियमनसम्बन्धी व्यवस्था</u>

**१२. <u>बीउ बिजनको किसिम वा जात सूचित वा पञ्जीकृत गर्नेसम्बन्धी व्यवस्थाः</u>** (१) मन्त्रालयले प्रदेश भित्र उपयुक्त हुने नेपालमा विकास भएका उन्मोचित किसिम वा जातका बीउ बिजन वा प्रदेश भित्र विकास गरिएका नयाँ किसिम वा जातका बीउ बिजन सूचित वा पञ्जीकृत गर्न चाहेमा दफा १३ को उपदफा (१) बमोजिमको प्रक्रिया पूरा गरी समितिको सिफारिसमा सूचित वा पञ्जीकृत गर्न सक्नेछ।

(२) मन्त्रालयले रैथाने बालीको किसिम वा जातको बीउ बिजन दफा १३ को उपदफा (२) बमोजिम प्रक्रिया पूरा गरी समितिको सिफारिसमा पञ्जीकृत गर्न सक्नेछ।

(३) मन्त्रालयले स्थानीय बालीका किसिम वा जातका बीउ बिजनहरू दफा १३ को उपदफा (३) बमोजिम प्रक्रिया पूरा गरी समितिको सिफारिसमा पञ्जीकृत गर्न सक्नेछ।

(४) उपदफा (१), (२) र (३) बमोजिम बीउ बिजन सूचित वा पञ्जीकृत गर्दा मन्त्रालयले राष्ट्रिय बीउ बिजन समितिसँग परामर्श लिनुपर्नेछ।

(५) उपदफा (१), (२) र (३) बमोजिम सूचित वा पञ्जीकृत हुने बालीका किसिम वा जातहरू प्रदेश राजपत्रमा प्रकाशन गर्नुपर्नेछ।

(६) उपदफा (५) बमोजिम प्रकाशित सूचित बालीका किसिम वा जातहरूको बीउ बिजन खेतीको लागि उपयुक्त नदेखिएमा समितिको सिफारिसमा मन्त्रालयले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी सूचीबाट हटाउन सक्नेछ।

(७) उपदफा (६) बमोजिम सूचीबाट हटाएको बालीका किसिम वा जातहरूको जानकारी मन्त्रालयले राष्ट्रिय बीउ बिजन समितिलाई दिनुपर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

**१३. <u>बीउ बिजनको सूचित वा पञ्जीकृत गर्ने बिधि:</u>** (१) दफा १२ को उपदफा (१) बमोजिमका बीउ बिजनका किसिम वा जात सूचित गर्नका लागि अनुसन्धान गर्ने निकायले बीउ बिजनको किसिम वा जातको विभिन्न भौगोलिक आवहवामा कम्तीमा तीन मौसम (सिजन) सम्म निरन्तर बालीको अध्ययन परीक्षण गरी तयार गरिएको प्रस्ताव सहित समितिमा अनुसूची-१ बमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ।

(२) दफा १२ को उपदफा (२) बमोजिमका रैथाने बीउ बिजनका किसिम वा जात पञ्जीकृत गर्नका लागि मन्त्रालय मातहतको फार्म केन्द्र वा समुदाय वा कृषकले कम्तीमा दश जना कृषकको खेतबारीबाट एक सिजन अध्ययन गरी लिएको तथ्याङ्क सहित समितिमा अनुसूची-२ बमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ।

(३) दफा १२ को उपदफा (३) बमोजिमका स्थानीय बीउ बिजनका किसिम वा जातको पञ्जीकृत गर्नका लागि समितिले तोकेको सरकारी निकायले अध्ययन परीक्षण गरी तयार गरिएको प्रस्ताव सहित समितिमा अनुसूची-३ बमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ।

**१४. <u>अनुमति पत्र लिनु पर्नेः</u>** (१) कुनै व्यक्ति वा संस्थाले बीउ बिजनको बिक्री वितरणसम्बन्धी कारोवार गर्न चाहेमा समितिबाट तोकिएबमोजिमको प्रक्रिया पूरा गरी कार्यालयबाट अनुमति पत्र लिनु पर्नेछ।

(२) कुनै व्यक्ति वा संस्थाले मूल वा स्रोत बीउ उत्पादन, वर्णशंकर बीउ उत्पादन र जातीय विकास तथा सम्बर्द्धनसम्बन्धी कार्य गर्न चाहेमा संघीय ऐनबमोजिमका मापदण्ड पूरा गरी समितिबाट अनुमति पत्र लिनु पर्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम अनुमति पत्र नलिई बीउ बिजनको व्यवसाय गरेको पाइएमा त्यस्तो बीउ बिजन, बीउ बिजन निरीक्षकले जफत गर्नेछ।

(४) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि घरायसी प्रयोजनका लागि मूल वा स्रोत बीउ उत्पादन गर्न अनुमति पत्र लिनु पर्ने छैन।

(५) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि मन्त्रालय मातहतका कार्यालयहरूले अनुमति पत्र लिनु पर्ने छैन। समितिले आवश्यकता अनुसार यस सम्बन्धमा कार्यालयहरूले गरेका प्रगतिको जानकारी लिन र आवश्यक निर्देशन दिन सक्नेछ।

(६) यो ऐन लागु हुनु पूर्व प्रचलित कानूनबमोजिम बीउ बिजनको विक्री वितरणसम्बन्धी कारोवार गर्न लिएको अनुमति पत्र कार्यालयमा सूचिकृत गराउनु पर्नेछ।

(७) संघीय ऐनबमोजिम अनुमति लिई उपदफा (२) बमोजिमका कार्य गरिरहेका व्यक्ति वा संस्थाले यो ऐन प्रारम्भ भए पश्चात् पुनः अनुमति पत्र लिनुपर्ने छैन।

तर, यो ऐन प्रारम्भ भएपछि यस्ता व्यक्ति वा संस्थाको अनुमति पत्रसम्बन्धी अभिलेखीकरण, नवीकरण र खारेजीको व्यवस्था यस ऐनबमोजिम नै हुनेछ।

(८) अनुमति पत्रसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

**१५. <u>बीउ बिजनको न्यूनतम गुणस्तरसम्बन्धी व्यवस्थाः</u>** (१) मन्त्रालयले समितिको परामर्श लिई कुनै पनि सूचित वा पञ्जीकृत बीउ बिजनको न्यूनतम गुणस्तरको हद तोक्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको न्यूनतम गुणस्तरको हद प्रदेश राजपत्रमा सूचना प्रकाशन गर्नु पर्नेछ।

**१६. <u>बीउ बिजन गुणस्तर नियन्त्रण पद्धतिः</u>** (१) सूचित वा पञ्जीकृत हुने बीउ बिजनको गुणस्तर नियन्त्रण पद्धति देहाय बमोजिम हुनेछः-

(क) प्रमाणीकरण पद्धति,

(ख) यथार्थ संकेतपत्र पद्धति।

(२) उपदफा (१) को खण्ड (क) बमोजिमको प्रमाणीकरण पद्धतिमा बिउ बिजनको स्तरहरू देहाय बमोजिम हुनेछः-

(क) प्रजनन् बीउ,

(ख) मुल बीउ,

(ग) प्रमाणित बीउ,

(घ) उन्नत बीउ।

(३) उपदफा (१) को खण्ड (ख) बमोजिमको यथार्थ संकेतपत्र पद्धतिमा बीउ बिजनको स्तरहरू देहाय बमोजिम हुनेछः-

(क) प्रजनन् बीउ,

(ख) श्रोत बीउ,

(ग) उन्नत बीउ।

(४) उपदफा (१) को खण्ड (ख) बमोजिमको यथार्थ संकेतपत्र पद्धतिमा रैथाने र स्थानीय बालीका किसिम वा जातका बीउ बिजनको स्तरहरू देहाय बमोजिम हुनेछः-

(क) श्रोत बीउ,

(ख) उन्नत बीउ।

(५) उपदफा (१) को खण्ड (ख) बमोजिमको यथार्थ संकेतपत्र पद्धतिमा वानस्पतिक तरिकाबाट पुनरोत्पादन वा प्रसारण हुने बेर्ना वा काण्ड वा राइजोम तथा अन्य उत्पादन सामग्रीको स्तरहरू देहाय बमोजिम हुनेछः -

(क) श्रोत (माउ) बोट वा बेर्ना,

(ख) उन्नत (माउ) बोट वा बेर्ना।

**१७. <u>सूचित वा पञ्जीकृत बीउ बिजनको बिक्री वितरणसम्बन्धी व्यवस्थाः</u>** (१) सूचित वा पञ्जीकृत बीउ बिजनको बिक्री वितरण गर्ने व्यक्ति वा संस्थाले आफूले बिक्री वितरण गर्ने बीउको भाँडोमा देहायको विवरण उल्लेख गर्नुपर्नेछः-

(क) बीउ बिजनको किसिम र जात,

(ख) दफा १५ बमोजिम तोकिएको न्यूनतम गुणस्तरको हद,

(ग) रासायनिक पदार्थ प्रयोग गरी उपचार गरिएको भए सो को विवरण,

(घ) उत्पादनका लागि सिफारिस गरिएको क्षेत्र,

(ङ) तोकिएबमोजिमका अन्य मापदण्ड।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै खास क्षेत्रको लागि मात्र उपयुक्त हुने भनी प्रजनकले निर्धारण गरेको किसिम र जातको सूचित वा पञ्जीकृत बीउ बिजन त्यसरी निर्धारण गरिएको क्षेत्र बाहेक अन्य क्षेत्रमा बिक्री वितरण गर्न वा गराउन पाइने छैन।

(३) कसैले यस ऐन तथा संघीय ऐनबमोजिम सूचित वा पञ्जीकृत नभएका बीउ बिजन बिक्री वितरण गर्न गराउन पाइने छैन।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि सूचित वा पञ्जीकृत नभएका बीउ बिजन अनुसन्धान गर्ने निकायलाई कृषि अनुसन्धान प्रयोजनको लागि विक्रि वितरण गर्न बाधा पर्ने छैन। यसरी प्रयोग गरिने बीउ बिजनको प्रयोजन र परिमाणको विवरण सम्बन्धित अनुसन्धानकर्ताले राख्नु पर्नेछ।

**१८. <u>बीउ बिजन निरीक्षक र बीउ बिजन विश्लेषकसम्बन्धी व्यवस्थाः</u>** (१) मन्त्रालयले देहायको योग्यता पुगेका नेपाली नागरिकलाई बीउ बिजन निरीक्षक तथा बीउ बिजन विश्लेषक नियुक्त गर्न वा तोक्न सक्नेछः -

(क) मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा कृषिमा स्नातक तह उत्तीर्ण गरेको वा कृषिमा प्रमाणपत्र तह उत्तीर्ण गरी बीउ बिजन उत्पादनमा कम्तीमा दश वर्षको अनुभव भएको,

आन्तरिक मामिला तथा कानून मन्त्रालय

(ख) राष्ट्रिय बीउ बिजन समितिबाट लिइने परीक्षा उत्तीर्ण भएको,

(ग) खण्ड (क) बमोजिम योग्यता पुगेको निजामती कर्मचारी भए निज सेवारत कार्यालयको स्वीकृति प्राप्त भएको।

(२) उपदफा (१) बमोजिम नियुक्त गरिएका वा तोकिएका बीउ बिजन निरीक्षक र विश्लेषकबाट समितिले बीउ बिजन निरीक्षक वा बीउ बिजन विश्लेषकको सेवा लिन सक्नेछ।

(३) उपदफा (१) बमोजिम बीउ बिजन निरीक्षक तथा बीउ बिजन विश्लेषक नियुक्त नभएसम्मको लागि मन्त्रालयले सो सम्बन्धमा योग्यता पुगेका आफू मातहतका वा स्थानीय तहका अधिकृतस्तरका कर्मचारीलाई बीउ बिजन निरीक्षक वा बीउ बिजन विश्लेषकको काम गर्न तोक्न सक्नेछ।

(४) बीउ बिजन निरीक्षक र बीउ बिजन विश्लेषकको कार्यक्षेत्र र सुविधा तोकिएबमोजिम हुनेछ।

(५) उपदफा (१) मा उल्लेखित अवस्था तथा संघीय वा प्रदेश ऐन कानूनबमोजिम अनुमति पत्र नलिई कसैले पनि बीउको लागि लगाएको बाली निरीक्षण गर्न, बीउ बिजनको नमूना संकलन गर्न तथा बीउ बिजन विश्लेषण गर्न हुँदैन।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

१९. **बीउ बिजन निरीक्षक र बीउ बिजन विश्लेषकको काम, कर्तव्य, अधिकार र सुविधासम्बन्धी व्यवस्थाः** (१) दफा १८ बमोजिम नियुक्त वा तोकिएका बीउ बिजन निरीक्षकले बीउ बिजनको गुणस्तर नियन्त्रणसम्बन्धी कार्य गर्ने, बीउ बालीको खेत निरीक्षण तथा बीउ बिजनको नमुना संकलन गर्ने गराउने, बीउ बजारको अनुगमन गर्ने, बीउ बिजनको प्रमाणीकरण र बीउ बिजनको प्राविधिक परीक्षण जस्ता कार्यहरू गर्न वा गराउन सक्नेछ।

(२) दफा १८ बमोजिम नियुक्त वा तोकिएका बीउ बिजन निरीक्षक र विश्लेषकको अन्य काम, कर्तव्य, अधिकार, कार्यक्षेत्र र सुविधा तोकिएबमोजिम हुनेछ।

२०. **जफत हुनेः** (१) कसैले यस ऐनको बर्खिलाप हुने गरी कुनै बीउ बिजनको जातीय परीक्षण, गुणस्तर परीक्षण, आयात, निर्यात, उत्पादन, प्रशोधन, ओसारपसार, भण्डारण र बिक्री वितरण गरेमा त्यस्ता बीउ बिजन बीउ बिजन निरीक्षकले जफत गर्न सक्नेछ।

(२) बीउ बिजन जफतसम्बन्धी अन्य व्यवस्था प्रचलित कानून तथा तोकिएबमोजिम हुनेछ।

२१. **सेवा शुल्क लिन सक्नेः** (१) समितिको सिफारिसमा मन्त्रालयले यस ऐनबमोजिम उपलब्ध गराउने कुनै सेवा बापत प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी तोकेको सेवा शुल्क लिन सक्नेछ।

(२) कुनै व्यक्ति वा संस्थाले यस ऐनबमोजिमको कुनै सेवा प्रदान गर्दा समितिले स्वीकृत गरे बमोजिमको सेवा शुल्क लिन सक्नेछ।

२२. **कृषकको अधिकार रहनेः** (१) प्रदेशमा परम्पराकालदेखि नै प्रयोग र अवलम्बन गरिँदै आएको रैथाने वा स्थानीय बाली, जात वा प्रजातिको बालीको बीउ बिजनमा कृषकको स्वामित्व, जात छनौट, संरक्षण र वितरणको अधिकार रहनेछ।

(२) प्रदेशमा कुनै कृषक समूह वा सहकारी संस्था वा समुदायले परम्पराकालदेखि सामूहिक रूपमा प्रयोग र अवलम्बन गर्दै

आएको रैथाने वा स्थानीय बाली वा जात वा प्रजातिको बीउ बिजन त्यस्तो कृषक समूह वा सहकारी संस्था वा समुदायको नाममा सामूहिक स्वामित्व हुने गरी समितिले दर्ता गरी प्रमाण पत्र प्रदान गर्न सक्नेछ।

**२३. <u>संघीय ऐनबमोजिम हुने</u>:** (१) यस ऐनबमोजिम हुने दण्ड सजाय र क्षतिपूर्तिसम्बन्धी व्यवस्था बीउ बिजनसम्बन्धी संघीय ऐन र प्रचलित कानूनबमोजिम हुनेछ।

(२) यस ऐनबमोजिम सजाय हुने कसूरसम्बन्धी मुद्दाको तहकिकात, दायरी तथा मुद्दा हेर्ने अधिकारी बीउ बिजनसम्बन्धी संघीय ऐन र प्रचलित कानूनबमोजिम हुनेछ।

(३) यो ऐन अन्तर्गतका मुद्दामा सरकार वादी हुनेछ।

(४) यस ऐनमा लेखिएको विषयमा यसै ऐनबमोजिम र अन्यमा बीउ बिजनसम्बन्धी संघीय ऐनबमोजिम हुनेछ।

**२४. <u>ऐन कार्यान्वयन मापन</u>:** यो ऐन प्रारम्भ भएको मितिले पाँच वर्ष पूरा भएको एक वर्षभित्र र त्यसपछि प्रत्येक पाँच वर्षपछिको एक वर्षभित्र मन्त्रालयले ऐन कार्यान्वयनको मापन गर्नेछ र सोको प्रतिवेदन प्रदेश सभाको सम्वन्धित समितिमा पेश गर्नु पर्नेछ।

**२५. <u>नियम, निर्देशिका र कार्यविधि बनाउने अधिकार</u>:** (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्नका लागि प्रदेश सरकारले आवश्यक नियम, निर्देशिका र कार्यविधि बनाउन सक्नेछ।

(२) मन्त्रालयले यस ऐन तथा यस ऐन अन्तर्गत बनेका नियमको प्रतिकूल नहुने गरी आवश्यक मापदण्ड बनाई लागू गर्न सक्नेछ।

**अनुसूची -१**

(ऐनको दफा १३ को उपदफा (१) सँग सम्बन्धित)

**<u>बीउ बिजनको किसिम वा जातको उन्मोचन विधिबाट सूचित गर्नका लागि पेश गर्ने निवेदन</u>**

श्री प्रदेश बीउ बिजन समितिको सचिवालय,
वीरेन्द्रनगर, सुर्खेत।

**विषयः <u>जात उन्मोचन/दर्ता गरी पाऊँ ।</u>**

मैले/हामीले कर्णाली प्रदेश बीउ बिजन ऐन, २०८१ को दफा १३ को उपदफा (१) बमोजिम बीउ बिजनको किसिम वा जात उन्मोचन/दर्ता गर्नका लागि देहाय बमोजिमको विवरण सहित यो निवेदन पेश गरेको छु/छौं ।

प्रस्तावित नामः

बालीः

१.पृष्ठभूमिः

२.सामान्य जानकारीः

२.१ चलनचल्तीको नामः

२.२ वानस्पतिक नामः

२.३ वास्तविक नाम/परीक्षण गर्दा प्रयोग गरिएको सांकेतिक नामः

२.४ वंश विवरणः

२.५ पुर्खा (प्रजननमा भाले र पोथी पुर्खाको रूपमा प्रयोग गरिएका जातहरू):

२.६ उद्गम देशः

२.७ सामग्री स्रोत (संस्था, कृषक, कृषक समुदाय परीक्षणको नाम र यो सर्वप्रथम प्रयोगमा ल्याइएको वर्ष, आदि):

२.८ राष्ट्रिय जीन बैङ्कबाट प्राप्त स्थायी नम्बर:

आन्तरिक मामिला तथा कानून मन्त्रालय

३. जातीय परीक्षणको सारांश विवरण (कम्तिमा ३ सिजन परीक्षण भएको हुनुपर्ने):

| क्र.सं. | परीक्षणका प्रकार | स्थान | वर्ष | सिजन |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |

४. प्रारम्भिक जातीय मूल्याङ्कन परीक्षण विवरण:

५. नेपाल/प्रदेशमा गरिएको सहभागितात्मक जातीय परीक्षण (CVT) तथा सोको आधारभूत विवरण:

| वर्ष | परीक्षण | स्थान | स्रोत सन्दर्भ | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

५.१. सहभागितात्मक जातीय परीक्षणको न्यूनतम परीक्षण स्थल तथा विवरण:

५.१.१ खाद्यान्न/दलहन/तेलहन बाली: उच्च पहाड- कम्तिमा २ वटा स्थल, मध्य पहाड-कम्तिमा ३ वटा स्थल र तराईमा कम्तिमा ४ वटा स्थल ।

५.१.२ बागवानी बाली: उच्च पहाड- कम्तिमा २ वटा स्थल, मध्य पहाड-कम्तिमा ३ वटा स्थल, तराई-कम्तिमा ३ वटा स्थल ।

५.१.३ जुन मौसम (सिजन) तथा भौगोलिक क्षेत्रको लागि सिफारिस गर्ने हो सोही मौसम (सिजन) को कम्तिमा २ सिजन/वर्ष लगातार परीक्षण गरिएको हुनुपर्ने । विपद्का कारणबाट लगातार परीक्षण हुन नसकेको प्रमाणित भएको अवस्थामा पुष्ट्याँई सहित पेश गर्नुपर्ने ।

५.१.४ समितिले निर्धारण गरेको परीक्षण प्रोटोकलको मापदण्डको आधारमा अध्ययन परीक्षण गर्ने व्यवस्था मिलाउनुपर्ने ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

५.१.५ कुनै निश्चित भौगोलिक क्षेत्रको लागि मात्र उपयुक्त हुने जातको सहभागितात्मक जातीय परीक्षण गर्दा सोही क्षेत्रमा मात्र सीमित रहने गरी परीक्षण हुनुपर्नेछ ।

६. कृषकको खेतबारीमा परीक्षण, सहभागितात्मक परीक्षण/जाँच तथा सरोकारवालाको प्राथमिकताः

६.१ कम्तिमा १ वर्ष/सिजन कृषकको खेतबारीमा माटो जाँच सहितको परीक्षण हुनुपर्ने।

६.२ प्राथमिकता प्रदत्त खाद्यान्न बालीको हकमा कम्तिमा ३ वटा मूल बीउ उत्पादक वा प्रशोधन उद्योग सञ्चालकको प्रस्तावित जात सम्बन्धमा परीक्षण प्रतिक्रिया समेत समावेश हुनु पर्नेछ।

६.३ प्रत्येक सहभागितात्मक जातीय परीक्षण सञ्चालन हुने परीक्षण स्थलमा कम्तिमा तीन जना कृषकको खेतबारीमा परीक्षण सञ्चालन गर्नुपर्ने ।

| **वर्ष** | **परीक्षण** | **स्थान** | **भौगोलिक क्षेत्र/अवस्थिति** | **सरोकारवालाहरूले रूचाएका मुख्य गुणहरू** | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | ४ | ५ |
| | | | | | | | | |

७. सरोकारवालाहरूको समग्र प्राथमिकताः

| **वर्ष** | **परीक्षण** | **स्थान** | **भौगोलिक क्षेत्र/अवस्थिति** | **परीक्षणमा समावेश जातहरू मध्ये प्रस्तावित जातको प्राथमिकता (Ranking)** | **जात रोजाईका मुख्य कारणहरू** | **कैफियत** |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

८ .प्रस्तावित जातको आधारभूत विवरणः

८.१ मुख्य एग्रोनोमिक गुणहरू (औसत):

८.१.१ बिरूवाको उचाई (से.मी.):

८.१.२ रोपेको दिनदेखि फूल फुल्न लाग्ने समयः

८.१.३ रोपेको दिनदेखि बाली पाक्न लाग्ने समयः

८.१.४ उत्पादकत्व (के.जी/हेक्टर):

८.१.५ उत्पादनका अवयव (गाँजको संख्या, दानाको संख्या, दानाको तौल आदि):

८.१.६ माथि उल्लेख गरिएका बाहेक बाली अनुसारका अन्य एग्रोनोमिक गुणहरू समावेश गर्ने ।

८.२. बालीको विषम परिस्थिति (वर्णन गर्नुहोस्)

८.२.१ जैविक विषमता प्रतिको प्रतिक्रियाः बाली विशेषको जातीय अनुसन्धान तथा विकास गर्दा बाली विशेष अनुसार समितिबाट निर्धारण गरिएका शत्रु जीव प्रति बालीको प्रतिक्रिया विवरण समावेश गर्ने।

८.३ प्रारम्भिक मूल्याङ्कन परीक्षण स्थलको आधारभूत माटोको विवरण तथा माटो र मलखादसम्बन्धी परीक्षणको नतिजा समावेश गर्ने ।

८.४ बालीका भागहरूको गुणसम्बन्धी विवरणः

८.४.१ पौष्टिक गुणस्तरः

८.४.२ प्रशोधन गुणस्तरः

८.४.३ रासायनिक परिवर्तन जाँच (पाक गुणस्तर, स्वाद, वास्ना आदि):

८.४.४ अन्य बाली विशेष अनुसारका विशेष गुण:

८.५ अन्य चारित्रिक गुणहरू (झाँटिने, भण्डारण क्षमता, कृषकको प्रतिक्रिया आदि):

८.६ जात पहिचानसम्बन्धी मुख्य चारित्रिक गुणहरुः

८.६.१ विशिष्टता, एकरूपता तथा स्थायित्वसम्बन्धी गुणहरू

(क) विशिष्टता

(ख) एकरूपता

(ग) स्थायित्व

८.६.२ शुक्ष्मकणीय चारित्रिक गुण (मोलिक्युलर ट्रेट्स):

९. सिफारिस क्षेत्रः

९.१ कृषि पर्यावरणीय क्षेत्र (तराई, पहाड, हिमाल, आदि):

९.२ सिफारिस गरिने क्षेत्रको किसिम: सिंचित/अर्ध सिंचित/वर्षाको पानीमा आधारित):

९.३ बाली लगाउने समय र अवस्था (उदाहरणको लागि ढाव, खोरिया आदि):

९.४ बाली चक्रः

९.५ उत्पादन र व्यवस्थापन पक्ष (यो जातको बाली व्यवस्थापन पक्ष सोही बालीको अन्य जातको बाली व्यवस्थापन पक्ष भन्दा फरक भए बाली/माटोसम्बन्धी परीक्षण का तथ्याङ्क सहित विस्तृतरूपमा उल्लेख गर्नुहोस्):

९.६ विशेष गुण भएका बालीको जात उन्मोचनका लागि परीक्षण गरिएको अवस्थामा यस सँग सम्बन्धित आवश्यक परीक्षण गरी तथ्याङ्क विवरण समावेश गर्ने।

९.७. वर्णशंकर जात सिफारिस गर्दा जुन भौगोलिक क्षेत्रमा सिफारिस गर्ने हो उक्त भौगोलिक क्षेत्रमा कम्तिमा १ स्थानमा बीउ उत्पादन अनुसन्धान सञ्चालन गर्नुपर्ने ।

१०. आर्थिक विश्लेषण (आम्दानी, खर्च, लाभ लागत अनुपात आदि):

११. उन्मोचन विधिबाट सूचित गर्नुपर्ने कारण (जातको विशेषतामा केन्द्रित रही उल्लेख गर्नुपर्ने):

१२. बीउ बिजन आपूर्ति व्यवस्था (कम्तिमा २ हेक्टरका लागि):

| **क्र.सं.** | **बीउ बिजनको स्तर** | **उपलब्ध परिमाण (के.जी.)** | **प्राप्त हुने स्थान** | **सम्बन्धित व्यक्ति/संस्था** |
|---|---|---|---|---|
| १ | प्रजनन् बीउ (ब्रिडर सीड) | | | |

**<u>प्रस्तावक</u>**

हस्ताक्षर: टेलिफोन नं.:

नामः फ्याक्स नं.:

दर्जाः इमेलः

संस्थाको नाम तथा छापः वेबसाइटः

**द्रष्टव्यः**

(क) स्थानीय स्तरमा छनौट गरी सूचित हुन पेश हुने बीउ बिजनका किसिम वा जातको हकमा वंश तथा पुर्खाको विवरणको सट्टा उक्त बीउ बिजनको किसिम वा जात कुन स्थानबाट संकलन गरी छनौट गरिएको हो सोको विवरण पेश गर्नुपर्ने।

(ख) वर्णशंकर जातको बंशजको विवरण राष्ट्रिय बीउ बिजन समितिको सचिवालयमा उपलब्ध गराउनुपर्नेछ।

(ग) सरोकारवालाहरूको अभिरूचिको प्रमुख सूचकहरूमा (१) बाली सम्पादन तथ्याङ्क (२) विषम परिस्थिति सहने क्षमता (३) गुणस्तर (४) आर्थिक महत्व (५) (अन्य केही भए वर्णन गर्नुहोस्) पर्दछन्।

(घ) आर्थिक रूपले महत्वपूर्ण बालीको प्रमुख भागहरूमा दाना/पात/जरा/डाँठ/टुप्पो/वल्व/राइजोम/कोर्म/ ट्युवर/रेशा इत्यादि पर्दछन्।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

**अनुसूची -२**

(ऐनको दफा १३ को उपदफा (२) सँग सम्बन्धित)

**<u>रैथाने बीउ बिजनका किसिम वा जात दर्ता गर्न पेश गर्ने निवेदन</u>**

श्री प्रदेश बीउ बिजन समितिको सचिवालय,
वीरेन्द्रनगर, सुर्खेत।

**विषय: <u>किसिम वा जात दर्ता गरी पाऊँ ।</u>**

प्रस्तुत विषयमा नेपालको…………………..भूगोलमा उत्पत्ति भएकोगुण विकास भ……………ई परापूर्वकालदेखि परम्परागत ज्ञान र सीपको प्रयोग गरी सोही प्रकृतिका भूगोलमा खेती हुँदै तथा वर्षौंदेखि संरक्षण र प्रवर्द्धन गर्दै आएको देहाय बमोजिमको बालीको बीउ बिजनको किसिम वा जात कर्णाली प्रदेश बीउ बिजन ऐन, २०८१ को दफा १३ को उपदफा (२) बमोजिम यो निवेदन पेश गरिएको छ ।

१. बाली:
२. जात/चलन चल्तिका नामहरु:
३. राष्ट्रिय जीन बैङ्कबाट प्राप्त स्थायी नम्बर:
४. बालीको छोटो इतिहास:
- उत्पति:
- महत्व/विशेष गुण:
- अन्य:

५. जात छुट्याउने मुख्य गुणहरू (बोट, बाली, फल वा दानाका रंग, रूप, दाना आदि):

६.बालीको हालको अवस्था (अवस्था के हो ठीक लगाउने):

| | |
|---|---|
| धेरै घरधुरीले धेरै जग्गामा खेती गरिरहेको | धेरै घरधुरीले थोरै जग्गामा खेती गरिरहेको |
| थोरै घरधुरीले धेरै जग्गामा खेती | थोरै घरधुरीले थोरै जग्गामा खेती |

आन्तरिक मामिला तथा कानून मन्त्रालय

| | |
|---|---|
| गरिरहेको | गरिरहेको |

७. बाली/जातको विशेष चारित्रिक गुणहरू:

७.१ पातको आकार प्रकार रंगः

७.१.१ फूलको रंगः

७.१.२ कोशा वा फल वा दानाको आकार प्रकार, रंग आदिः

७.१.३ अन्य कुनै विशेष भएमाः

८. बाली/जातको बाली प्रणालीसँग सम्वन्धित गुणहरू:

८.१ बोटको औसत उचाई (से.मी):

८.२ ५० प्रतिशत फूल फुल्ने समय (दिन) (रोपेको दिनबाट):

८.३ बाली पाक्ने समय (दिन)(रोपेको दिनबाट):

८.४ प्रति बोट कोशा/दाना संख्याः

८.५ प्रति कोशा/बाला दाना संख्याः

८.६ औसत उत्पादन (के.जी प्रति रोपनी वा कट्ठा):

८.७ सो बाली/जातको खेती भइरहेको क्षेत्रफलः

८.८ अन्य एग्रोनोमिक/वानस्पतिक विवरणः

८.९ सो बाली/जातको खेतीको लागि उपयुक्त क्षेत्रः

(क) सिफारिस क्षेत्र:

(ख) हावापानीः

८.१० प्रतिकूलता सहन सक्ने विशेष गुणहरूको विवरणः

(क) रोगः

(ख) कीराः

(ग) सुख्खाः

(घ) अन्यः

८.११ खेती प्रविधि (हावापानी, माटो, बीउ दर, रोप्ने समय, मलखाद, गोडमेल, बाली भित्र्याउने समय, रोग कीरा व्यवस्थापन आदि):

८.१२ बाली प्रणालीः

८.१३ सो बाली जातको उप-उत्पादन र त्यसको महत्व केही भएमाः

९. पौष्टिक, औषधीय, व्यापारिक, सामाजिक, साँस्कृतिक गुणसम्बन्धी विवरणः

(नोटः माथिका विवरणको लागि कम्तीमा १० जना कृषकको खेतबारीबाट एक सिजन अध्ययन गरी लिएको तथ्याङ्कलाई तालिका बनाई पेश गर्नु पर्नेछ । साथै, २०-२५ जना कृषकसँग छलफल गरी उल्लिखित विवरणहरू समावेश गर्नु पर्नेछ।)

१०. बीउ बिजनको संरक्षण र बीउ उत्पादन तथा आपूर्तीको अवस्थाः

१०.१ संरक्षण गर्ने संस्थाः

१०.२ बीउ उत्पादन गर्ने संस्थाः

१०.३ उपलब्ध हुन सक्ने बीउ बिजनको परिमाण (के.जी.):

१०.४ उपलब्ध हुने स्थानः

१०.५ स्रोत बीउ उपलब्ध हुने तरिका:

११. बाली जात सूचित गर्नुको उद्देश्य: व्यवसायिक/संरक्षण/ दुवै

१२. माथि उल्लिखित बुँदा ५ मा आधारित भएर खिचिएका रंगीन तस्वीरहरू:

१३. यो जात दर्ता गरी सूचित गर्नका लागि सम्बन्धित स्थानीय कृषि शाखा वा कार्यालयको सिफारिस र जात सूचित गर्न समुदायको निर्णय सहितको सिफारिस पत्रको प्रतिलिपि ।

१४. प्रस्तावक संस्थाको जात सूचित गर्नका लागि पेश गर्नेसम्बन्धी निर्णय प्रतिलिपि ।

१५. कृषकहरूले यो जातका सम्वन्धमा दिएका प्रतिक्रिया समेटिएको २-५ मिनेट सम्मको भिडियो क्लिप।

१६. तथ्याङ्क लिने व्यक्तिको विवरणः

नामः

पदः

ठेगानाः

आवद्धता:

टेलिफोन/ मोवाइल नम्बरः

मितिः

१७. प्रस्ताव पेश गर्ने संस्था वा व्यक्तिकोः

नाम/थरः

ठेगानाः

टेलिफोन/ मोवाइल नम्बरः :

आधिकारिक व्यक्तिको नाम,थर र हस्ताक्षर:

संस्थाको छाप:

मितिः

आन्तरिक मामिला तथा कानून मन्त्रालय

## **अनुसूची** -३

(ऐनको दफा १३ को उपदफा (३) सँग सम्बन्धित)

**स्थानीय बीउ बिजनका किसिम वा जातलाई दर्ता गर्न पेश गर्ने निवेदन**

श्री प्रदेश बीउ बिजन समितिको सचिवालय,
वीरेन्द्रनगर, सुर्खेत ।

**विषय: किसिम वा जात दर्ता गरी पाऊँ ।**

प्रस्तुत विषयमा नेपालका विभिन्न जिल्ला/क्षेत्रमा विगत ५० वर्ष भन्दा पहिलेदेखि खेती भई कृषक/समुदायमा लोकप्रिय रहेको तथा यौनिक (खुला सेचित जातको हकमा मात्र) वा वानस्पतिक प्रसारणको माध्यमबाट नेपालमै बीउ/बेर्ना आपूर्ति प्रणाली विकास भएका देहाय बमोजिमको विवरण भएका स्थानीय बीउ बिजनका किसिम वा जातलाई कर्णाली प्रदेश बीउ बिजन ऐन, २०८१ को दफा १३ को उपदफा (३) बमोजिम यो निवेदन पेश गरिएको छ ।

१. बाली:

२. जात/चलन चल्तिका नामहरु:

३. राष्ट्रिय जीन बैंकबाट प्राप्त स्थायी नम्बर:

४. बालीको इतिहास:

(क) उत्पत्ति

(ख) महत्व

(ग) अन्य बाली विशेष अनुसार

५. प्रस्तावित जातहरूमा भएको अध्ययन अनुसन्धानका नतिजा तथा सोध सामग्रीहरूको आधारमा तयार गरिएका देहाय बमोजिमको विवरण संलग्न गर्नुपर्ने:

५.१ जात छुट्याउने मुख्य गुणहरु:

५.२ बाली/जातको विशेष चारित्रिक गुणहरू:

५.३ बाली/जातको बाली प्रणालीसँग सम्बन्धित गुणहरू:

५.३.१ बोटको औसत उचाई (से.मी.):

५.३.२ पचास प्रतिशत फूल फुल्ने समय (दिन) (रोपेको दिनबाट):

५.३.३ बाली पाक्ने समय (दिन) (रोपेको दिनबाट):

५.३.४ प्रति बोट कोशा/दाना संख्याः

५.३.५ प्रति कोशा/बाला दाना संख्याः

५.३.६ औसत उत्पादन (के.जी. प्रति रोपनी वा कठ्ठा):

५.३.७ सो बाली/जातको खेती भइरहेको क्षेत्रफलः

५.३.८ सो बाली/जातको खेतीको लागि उपयुक्त क्षेत्रः

(क) सिफारिस क्षेत्र;

(ख) हावापानीः

६. प्रतिकूलता सहन सक्ने विशेष गुणहरूको विवरणः

(क) रोगः

(ख) कीराः

(ग) सुख्खाः

(घ) अन्यः

७. खेती प्रविधिः

८. उत्पादन/उत्पादकत्व (के.जी.प्रति रोपनी वा कठ्ठा वा हेक्टर):

९. बाली प्रणालीः

१०. सो बाली जातको उप-उत्पादन र त्यसको महत्व केही भएमाः

११. बीउ बिजन/बेर्ना उत्पादन तथा आपूर्तिको अवस्थाः

११.१ बीउ बिजन/बेर्ना उत्पादन गर्ने संस्थाः

११.२ बीउ बिजन/बेर्ना/माउबोट उपलब्ध हुन सक्ने परिमाणः

११.३ बीउ बिजन/बेर्ना/माउबोट उपलब्ध हुने स्थानः

११.४ स्रोत बीउ/बेर्ना उपलब्ध हुने तरिका:

१२. माथि उल्लिखित बुँदा ५ मा आधारित भएर खिचिएका रंगीन तस्वीरहरू।

१३. बाली विशेष अनुसन्धान केन्द्र वा कृषि विभाग अन्तरगतका सम्बन्धित केन्द्रीय निकायको सिफारिस पत्र

आन्तरिक मामिला तथा कानून मन्त्रालय

निवेदकको

दस्तखतः

नाम,थरः

ठेगानाः

टेलिफोन/मोवाइल नम्वर.:

मितिः

संस्थाको छापः

प्रमाणिकरण मिति २०८१/१२/३१

आज्ञाले,

उत्तम गौतम

प्रदेश सरकारको निमित्त सचिव

---

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेतमा मुद्रित

आन्तरिक मामिला तथा कानून मन्त्रालय